# इस्लाममा झूठको हुकुम

(नेपाली)

लेखक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

संशोधक

मुहम्मद इदरीस सलफी

# حكم الكذب في الإسلام

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة:

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

सर्वाधिकार लेखकमा सुरक्षित छ।

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

पुस्तक पाइने ठेगाना -:

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७- ९८१४४९९१४०
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, यस्तो पूज्य जसको पूजा प्रत्येक हृदय प्रेम श्रद्धा र आदरको साथ गर्छ, र जसतर्फ समस्त प्राणीहरू आशान्वित र भयभीत भई शरण लिन्छन् । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत र त्यसको प्रकाशना (वह्य) को धरोहरी पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा मैले झूठको वास्तविकता र त्यसको वैधानिक हुकुम एवं त्यसद्वारा उत्पन्न हुने विगारको बारेमा प्रकाश पार्ने प्रयास गरेको छु, र सके सम्म समस्त कुराहरुलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गर्ने प्रयत्न पनि गरेको छु । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस लेखमा कुनै त्रुटि

भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो लेखबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यहरुबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# झूठको वास्तविकता र हानिकारकता

वर्तमान युग टेकनालूजी र विज्ञानको युग हो, यसमा मान्छे कहाँदेखि कहाँ पुगिसकेको छ । मनुष्य चन्द्रसम्म पुगिसकेको छ र सूर्यसम्म पुग्ने प्रयासमा गतिशील छ, र यस्तो यस्तो सामग्रीहरु अविष्कृत गरिसकेको छ कि मानव त्यस अविष्कारमाथि आफै हैरान छ ।

तर यो सबै प्रगतिको साथ साथै यो पनि मान्नु नै पर्छ कि मनुष्य मानवताको क्षेत्रमा उन्नति गर्न सकेन बरु विगत भन्दा अधिक अन्धकारमा पुगिसकेको छ, किनकि अमानवीय क्रियाकलापहरु र अवैधानिक कुराहरु हाम्रो समाजमा अति उपद्रव र विगार उत्पन्न गरिसकेका छन्, र नानाप्रकारका अमानवीय गतिविधिहरुले हाम्रो समाजलाई हानि पुऱ्याइरहेका छन् त्यसै अमानवीय कार्यहरु मध्ये एउटा झूठ पनि हो । हाम्रो समाजलाई जति हानि झूठले पुऱ्याएको छ कदाचित अरु कुनै कुरा यति हानि पुऱ्याएको छैन । यस झूठले हाम्रो समाज र देशमा यति विशाल उत्पात मचाएको छ जसलेगर्दा हाम्रो सभ्यता र समाज ध्वस्त हुने अवस्था सम्म आइपुगेको छ ।

वर्तमान युगमा झूठलाई झूठ मानिदैन बरु यसलाई कला र शीप मानिन्छ, र यसको माध्यमले मान्छे आर्को मान्छेको हक अधिकार, इज्जत सम्मान, धन सम्पत्तिलाई हरण गर्छ । आज जुन मान्छे झूठ बोल्दैन त्यसलाई मूर्ख मानिन्छ, र जुन मान्छे झूठको सहायताले अरुको हक अधिकार वा इज्जत सम्मान र पद खोसिदिन्छ त्यसलाई विवेकी र चतुर मानिन्छ ।

र वास्तवमा यदि हामी आफ्नो वरिपरि एक दृष्टि हालौं भने के हेर्छौं कि हाम्रो समाजका अधिकांश मान्छेहरु यसमा लिप्त छन्, हाम्रो देशमा प्रचलित अधिकांश व्यापार व्यवसायहरु यसै झूठमा आधारित र निर्भर छन् । सरसामान विक्री गर्ने मान्छे झूठ बोलेर आफ्नो सामान विक्री गर्छ, र आफ्नो ग्राहकसित झूठ बोलेर त्यसको माल खोसिदिन्छ । त सरसामान बनाउने मान्छे र कम्पनिीहरु पनि आफ्नो सामानलाई बजारमा प्रचलित गर्नुको लागि र त्यसको अधिपत्य अरुले बनाएको सरसामानमाथि कायम गर्नुको निम्ति झूठको नै सहायता लिन्छन् ।

अर्थात व्यवसाय गर्नेवाला र गराउनेवाला, खेती गर्नेवाला र गराउनेवाल सबै झूठमा लिप्त छन्, यहाँसम्म कि पाठपाठन र अध्यापनको श्रेत्रमा पनि सबै झूठको सहाराले नै आफ्नो स्वार्थलाई पूर्ण गर्छन्, र जस स्कुल विद्यालयलाई सत्यताको धरोहरी मानिन्थ्यो त्यहाँ पनि झूठको वर्चस्व कायम भइसकेको छ। अर्थात सबै अआफ्ना क्षेत्रहरुमा झूठलाई नै चतुरता बुझिहालेका छन्, मानो सत्यताको प्रत्येक क्षेत्रमा काल परिसकेको छ ।

अब यस्तो अवस्थामा जबकि झूठलाई शीप बुझिन्छ र समस्त यसमा लिप्त पनि छन्, अधिकांश मानिसहरु मेरो यस लेख र भनाईलाई मूर्खता नै ठान्ने छन्, तै पनि मेरो भनाई यो नै रहन्छ कि झूठ बोल्नु अवैधानिक र अमानवीय कुरा हो। र झूठ बोल्नु नत इस्लाममा जायज भनिएको छ नत कुनै अरु धर्ममा, बरु समस्त धर्महरुले यसलाई अवैधानिक भनेका छन्, तर आश्चर्यको कुरो यो छ कि समस्त धर्मका धर्मावलम्बीहरु यसमा लिप्त र यसबाट पीडित देखिन्छन् ।

# इस्लाम धर्ममा झूठको हुकुम

इस्लाम धर्मका समस्त विद् र सदाचारीहरुको यस कुरामा एकमत छ कि झूठ बोल्नु हराम र अवैधानिक छ, र यो ठूलो पापहरु मध्येको हो । र यदि कसैले यसको सहायताले कसैको हक अधिकार, इज्जत सम्मान, धन सम्पत्ति खाइदिन्छ वा खोसिहाल्छ भने त्यो नर्कको आगो खान्छ वा नर्कको आगोमा जानेछ। जस्तोकि एउटा प्रसिद्ध हदीसमा छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “ म पनि मनुष्य हूँ र तिमीहरु अआफ्ना झगडा लिएर आउँछौ त यदि तिमी मध्ये केही मान्छे केहीभन्दा अधिक आफ्नो कुरालाई प्रमाणीकरण गर्नेवाला हुन्छ र वाक्यशैलीमा निपुण हुन्छ, त यदि मैले त्यसको कुरालाई सत्य मानेर त्यसको हकमा फैसला सुनाइदिन्छु त यदि मैले कसैलाई कुनै मुसलमानको हक दिईहालें त लिने मान्छे यो याद राखोस् कि मैले त्यसलाई आगको एउटा टुक्रा दिएको छु तसर्थ त्यो चाहोस् त त्यसलाई ग्रहण गरोस् वा त्यसको वास्तविक हकदारको लागि छाडिदेओस् ”। ( बुखारी हदीस नं २२९०, र केही अन्तरको साथ बुखारीले नै यस हदीसलाई आर्को ठाउँमा पनि वर्णन गर्नु भएको छ हदीस नं. २४९६ )

त प्रष्ट यो भयो कि जसरी पनि आर्काको हक खोसेमा मान्छे आगो खाइरहेको हुन्छ ।

यसै कारण इस्लाममा झूठ बोल्नु हराम छ, र यस कारण पनि कि यो महा पाप हो, यसको माध्यमले मान्छे अरुको धन सम्पत्ति इज्जत सम्मान खोस्नुको साथै समाज र देशको शान्तिलाई पनि नष्ट पारिदिन्छ, र पूर्ण देशमा उपद्रवको उत्पात गर्छ। यसलाई हराम भन्ने निर्देशनहरु इस्लामीय विधानमा थुप्रै छन् तर केहीलाई म तपाईहरु समक्ष राख्ने प्रयास गर्दछु !

☐ यसको बारेमा अल्लाहको फर्मान छ :

﴿ وَلَا تَقْفُ مَا لَيْسَ لَكَ بِهِۦ عِلْمٌ ۚ إِنَّ ٱلسَّمْعَ وَٱلْبَصَرَ وَٱلْفُؤَادَ كُلُّ أُو۟لَٰٓئِكَ كَانَ عَنْهُ مَسْـُٔولًا ﴿٣٦﴾ ﴾ الإسراء: ٣٦

अर्थ : जुन कुरोको तिमीलाई ज्ञानै छैन त्यसको पछि नपर्नु, किनभने कान र आँखा र हृदय यी सबैसित अवश्य सोधपूछ हुनेछ । ( सूरतुल् इस्रा ३६ )

अर्थात झूठ बोल्नु पनि एक प्रकारको यस्तो कुरा हो जसबारे मान्छेलाई वास्तविक ज्ञान हुँदैन त जुन कुरा पनि मान्छे आफ्नो मुखले निकालोस् त्यसलाई तौलेर मात्र निकालोस् कदाचित त्यो झूठ कुरा नहोस् ।

□ र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ إِنَّمَا يَفْتَرِي ٱلْكَذِبَ ٱلَّذِينَ لَا يُؤْمِنُونَ بِـَٔايَٰتِ ٱللَّهِ ۖ وَأُو۟لَٰٓئِكَ هُمُ ٱلْكَٰذِبُونَ ﴿١٠٥﴾ ﴾ النحل: ١٠٥

अर्थ : झूठ आक्षेप त तिनै मानिसहरूले लगाउने गर्दछन जसलाई अल्लाहका आयतहरूमाथि आस्था हुँदैन र तिनै झूठा हुन् । (सूरतुन्नहल १०५ )

अर्थात झूठ बोल्ने मान्छे नास्तिक हुन्छ ।

□ र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوا۟ ٱجْتَنِبُوا۟ كَثِيرًا مِّنَ ٱلظَّنِّ إِنَّ بَعْضَ ٱلظَّنِّ إِثْمٌ ۖ وَلَا تَجَسَّسُوا۟ وَلَا يَغْتَب بَّعْضُكُم بَعْضًا ۚ أَيُحِبُّ أَحَدُكُمْ أَن يَأْكُلَ لَحْمَ أَخِيهِ مَيْتًا فَكَرِهْتُمُوهُ ۚ وَٱتَّقُوا۟ ٱللَّهَ ۚ إِنَّ ٱللَّهَ تَوَّابٌ رَّحِيمٌ ﴿١٢﴾ ﴾ الحجرات: ١٢

अर्थ : हे ईमानवालाहरू ! धेरै शंका उपशंका गर्नबाट बच । किन भने केही शंका पाप हुन्छन् र एक अर्काको जासूसी नगर, र न त कसैको अनुपस्थितिमा निन्दा गर्नु । के तिमीहरूमध्ये कसैले आफ्नो मृतक भाइको मासु खान चाहन्छ ? यसलाई तिमीले अवश्य नै घृणा गर्ने छौ । (तसर्थ) अल्लाहसित डर मान्ने गर । निश्चय नै अल्लाह प्रायश्चित स्वीकार गर्नेवाला, अत्यन्त दयावान छ । ( सूरतुल् हुजुरात १२ )

अर्थात झूठ बोल्नु कसैमाथि मिथ्यारोपण गर्नु र आफ्नो मृतक भाइको मासु खानु एकनास छ (पापमा)।

 र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ مَّا يَلْفِظُ مِن قَوْلٍ إِلَّا لَدَيْهِ رَقِيبٌ عَتِيدٌ ﴿١٨﴾ ﴾ ق: ١٨

अर्थ : मानिसले कुनै कुरा भन्दैन तर उसको पासमा एउटा निरीक्षक तयार रहन्छ। ( सूरतु काफ १८ )

अर्थात जति सत्य र झूठ पनि बोल्दछ सबै लेखिन्छ।

र झूठको अवैधानिकतामाथि केही हदीसहरुको पनि दर्शन गर्नुस्!

 रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : " मुनाफिकका (कपटीका) तीन चिन्हहरू छन्: जब त्यो कुरो गर्दछ त झूठ बोल्दछ, र जब प्रतिज्ञा गर्छ त भंग गरिदिन्छ, र जब त्यसित नासो राखिन्छ त बेईमानी गर्छ (अर्थात विश्वासघात गर्छ) "। ( बुखारी हदीस नं. ३३, र मुस्लिम हदीस नं. ५९ )

र यस हदीसको व्याख्यामा इमाम नव्वी रहेमहुल्लाहको भनाई छ कि: यी बानीहरू मुनाफिक (कपटीहरू) का बानीहरू मध्येका हुन्, त जस मानिसमा पनि यी बानीहरू पाइन्छन् त्यसमा कपटीपना हुन्छ। ( शरह मुस्लिम लिन्नववी २/४६ )

 रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो : " झूठबाट बाँच्दै रहनु किनकि झूठ कुकर्मतर्फ प्रोत्साहित गर्छ, र कुकर्म नर्कसम्म लैजान्छ, र मान्छे झूठ बोल्दा बोल्दै अल्लाहको समीपमा झूठा भइहाल्छ "। ( बुखारी हदीस नं. ६१३४, र मुस्लिम हदीस नं. २६०७ )

 इब्ने उमर रजिअल्लाहो अन्होको वर्णन छ कि: " म मजाक गर्छु तर मजाकमा पनि सत्य नै भन्छु "। (अल् मुअ्जमुल् कबीर १२/३९१, र मजमउज्जवाइद ८/८९, र यस हदीसलाई अल्लामा अल्बानीले सही भनेका छन्, हेर्नुस्: सहीहुल् जामेअ् हदीस नं. २४९४)

 र अबू हुरैरह रजिअल्लाहो अन्होको वर्णन छ कि: " म सत्य बाहेक केही भन्दैन "। ( तिर्मिजी हदीस नं. १९९०, तब्रानी फिल् अवसत ८/३०५, र मजमउज्जवाइद ९/९६ )

☐ हजरत मुआविया रजिअल्लाहो अन्होको वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " त्यस मान्छेको लागि विनाश होस् जसले अरुलाई हँसाउनको लागि झूठ बोलोस् " । ( तिर्मिजी हदीस नं. २३५, र अबू दाऊद हदीस नं. ४९९० )

☐ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " आऊ मसित प्रतिज्ञा गर कि तिमीहरु अल्लाहको साथ कसैलाई साझीदार बनाउँदैनौं, नत चोरी गर्दछौ, नत व्यभिचार गर्दछौ, नत आफ्नो सन्तानको हत्या गर्दछौ, नत कसैमाथि मिथ्यारोपण नै गर्दछौ ..." । (बुखारी हदीस नं. १७, र मुस्लिम हदीस नं. ३२३० )

☐ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " सत्यलाई दृढताले समातिहाल किनकि सत्यको साथमा भलाई हुन्छ र दुवै स्वर्गसम्म पुऱ्याउने छन्, र झूठबाट टाढा नै रहनु किनकि झूठको साथमा कुकर्म हुन्छ, र दुवै नर्कसम्म पुऱ्याउने छन् " । ( रौजुन्नजीर हदीस नं. ९१७, र यसलाई अल्लामा अल्बानीले सही भनेका छन् )

☐ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " जुन मान्छे अल्लाह र प्रलयको दिनमाथि आस्था राख्दछ त्यसलाई चाहियो कि राम्रो र सत्य कुरो भनोस् वा चुप लागोस् " । ( बुखारी हदीस नं. ६४७५, र मुस्लिम हदीस नं. ४७ )

☐ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " जसले दुवै दाह्रीको बीचमा भएको कुरा (जिब्रो) र दुवै पाइला बीच भएको कुरा ( गुप्ताङ्ग) को जमानत लिन्छ त म त्यसको लागि स्वर्गको जमानत लिन्छु " । ( बुखारी हदीस नं. ६४७४, र मुस्लिम हदीस नं. ६१०९ )

☐ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " सबैभन्दा ठूलो झूठ यो हो कि मान्छे त्यसलाई हेरेको भनोस् जसलाई त्यसका दुवै आँखाले हेरका छैनन् " । ( बुखारी हदीस नं. ७०४३ )

☐ रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: " जस मान्छेमा यी चारवटै बानीहरु पाइन्छन् त्यो पूर्ण र विशुद्ध मुनाफिक हुन्छ (कपटी हुन्छ), र जसमा यी बानीहरु मध्ये एउटा बानी पनि पाइन्छ त त्यसभित्र

कपटीहरुको एउटा बानी छ यहाँसम्म कि त्यो त्यसलाई त्यागिहालोस्, र ती बानी हुन्: जब त्यससित नासो राखिन्छ त त्यो विश्वासघात गर्दछ, र जब कुरा गर्दछ त झूठ बोल्दछ, र जब कुनै प्रतिज्ञा वा सन्धि गर्छ त धोका दिन्छ (क्षल गर्छ), र जब झगडा गर्छ त गाली गर्छ "। ( बुखारी हदीस नं. ३४, र मुस्लिम हदीस नं. ५८ )

त उपरोक्तका प्रमाणहरुबाट यो प्रष्ट भयो कि झूठ बोल्नु पाप हो र यो इस्लाममा वर्जित छ यसलेगर्दा झूठ बोल्नुबाट बाँच्नु अति आवश्यक छ ।

# के कुनै अवस्थामा झूठ बोल्नु जायज छ

हामीलाई यो थाहा भयो कि झूठ बोल्नु हराम छ तर प्रश्न यो उठछ कि के कुनै यस्तो अवस्था पनि छ जसमा झूठ बोल्नु जायज भइहाल्छ ?

समस्त विद्हरुको भनाई अनुसार केही यस्ता अवस्था पनि छन् जसमा यस्तो प्रकारको झूठ बोल्नु जायज छ जसद्वारा कसैलाई हानि नपुगोस् र त्यो अवस्थाहरु निम्न हुन्:

१- आफ्नो स्वास्नीसित झूठ बोल्नु जायज छ जबकि उद्देश्य त्यसलाई राजी गर्नु र सुधार गर्नु होस् ।

२- युद्धमा झूठ बोल्नु जायज छ किनकि युद्ध एक प्रकारको दाउपेच नै हो ।

३- मान्छेहरु बीच सुधार गराउने उद्देश्यले झूठ बोल्नु जायज छ ताकि मतभेद र उपद्रव समाप्त होस् ।

र यी तीनवटै अवस्थामा झूठ बोल्नु जायज छ किनकि यसमा हदीसद्वारा प्रमाण छ हेर्नुस्:

रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “ झूठो त्यो होइन जुन मान्छेहरु बीच सुधार गराउँछ, र भलाईको कुरा गर्छ, र भलाईको मनसाय राख्दछ ” । ( मुस्लिम हदीस नं. २६०५ )

र मुसनद अहमदमा एउटा हदीस वर्णित छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: “ तीन ठाउँ बाहेक कतै पनि झूठ बोल्नु वैध छैन: मान्छेको आफ्नो स्वास्नीलाई प्रसन्न गर्नुको लागि बोलिएको झूठ, वा युद्धमा बोलिएको झूठ किनकि युद्ध धोका नै हो, वा मान्छेहरु बीच सुलह सफाइ गर्ने उद्देश्यले बोलिएको झूठ ” । ( यस हदीसलाई इमाम अहमदले वर्णन गरेका छन् र हसन (विश्वास्नीय) पनि भनेका छन् )

# झूठको हानि र परिणाम

झूठ बोल्ने मान्छेलाई अल्लाह सत्मार्गतर्फ मार्गदर्शित गर्दैनन जस्तोकि अल्लाहको फर्मान छ :

﴿ أَلَا لِلَّهِ ٱلدِّينُ ٱلۡخَالِصُۚ وَٱلَّذِينَ ٱتَّخَذُواْ مِن دُونِهِۦٓ أَوۡلِيَآءَ مَا نَعۡبُدُهُمۡ إِلَّا لِيُقَرِّبُونَآ إِلَى ٱللَّهِ زُلۡفَىٰٓ إِنَّ ٱللَّهَ يَحۡكُمُ بَيۡنَهُمۡ فِي مَا هُمۡ فِيهِ يَخۡتَلِفُونَۗ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ كَٰذِبٞ كَفَّارٞ ٣ ﴾ الزمر: ٣

अर्थ : खबरदार ! उपासना खास अल्लाह कै लागि हो । र जसले उस बाहेक अरु मित्र बनाएका छन् र भन्दछन् कि : “हामीले यिनीहरूलाई यसकारण पूज्दछौं कि हामीलाई अल्लाहको सामीप्यता प्राप्त गराई दिउन् ।” निश्चय नै अल्लाहले उनीहरूको बीचमा त्यस कुराको फैसला गरिदिनेछ जसमा उनीहरूले विवाद गरिराखेका छन् । अल्लाहले उसलाई मार्ग देखाउँदैन जो झूठो र अकृतध्न छ । ( सूरतुज्जुमर ३ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَقَالَ رَجُلٞ مُّؤۡمِنٞ مِّنۡ ءَالِ فِرۡعَوۡنَ يَكۡتُمُ إِيمَٰنَهُۥٓ أَتَقۡتُلُونَ رَجُلًا أَن يَقُولَ رَبِّيَ ٱللَّهُ وَقَدۡ جَآءَكُم بِٱلۡبَيِّنَٰتِ مِن رَّبِّكُمۡۖ وَإِن يَكُ كَٰذِبٗا فَعَلَيۡهِ كَذِبُهُۥۖ وَإِن يَكُ صَادِقٗا يُصِبۡكُم بَعۡضُ ٱلَّذِي يَعِدُكُمۡۖ إِنَّ ٱللَّهَ لَا يَهۡدِي مَنۡ هُوَ مُسۡرِفٞ كَذَّابٞ ٢٨ ﴾ غافر: ٢٨

अर्थ : र फिरऔनका नातेदार मध्ये एउटा मोमिन् व्यक्ति जसले आफ्नो ईमान लुकाएर राख्थ्यो भन्नथाल्यो “के तिमीले एउटा मानिसलाई यस कारण मार्न चाहन्छौ, कि उसले भन्छ कि मेरो पालनकर्ता अल्लाह हो, र उसले तिम्रो पासमा तिम्रो पालनकर्ताको तर्फबाट प्रमाणहरू पनि लिएर आएको छ ? र यदि त्यो झूठा छ भने

उसको झूठको नोक्सान उसैलाई हुनेछ। र यदि सत्य छ भने जुन सजायको उसले तिमीलाई धम्की दिइराखेको छ, त्यसबाट केही न केही त तिमीमाथि आइपर्नेछ। निश्चय नै अल्लाहले त्यस्तालाई मार्ग देखाउँदैन जो अतिक्रमणकारी र बडो झूठा छन्। ( सूरतु गाफिर २८ )

र झूठ बोल्नु अभिशप्त समूहहरुको बानी मध्ये एक हो, जसरीकि यहूदी ईसाईहरु जुन अल्लाहमाथि पनि मिथ्यारोपण गर्दथे । र कपटीहरुको कार्य मध्येको हो जुन समाजमा आफ्नो झूठद्वारा विद्रोह र उपद्रव मचाउन खोज्दछन्, यसर्थ यसलाई अपनाउने मान्छे नर्कको हकदार भइहाल्छ र प्रलयको दिन कठोर यातना भोग्ने छ जस्तोकि यी समस्त कुराहरुलाई निम्नका कुरआनी श्लोकहरु पुष्टि गर्दछन् ।

﴿ ۞ وَمِنۡ أَهۡلِ ٱلۡكِتَٰبِ مَنۡ إِن تَأۡمَنۡهُ بِقِنطَارٖ يُؤَدِّهِۦٓ إِلَيۡكَ وَمِنۡهُم مَّنۡ
إِن تَأۡمَنۡهُ بِدِينَارٖ لَّا يُؤَدِّهِۦٓ إِلَيۡكَ إِلَّا مَا دُمۡتَ عَلَيۡهِ قَآئِمٗاۗ ذَٰلِكَ بِأَنَّهُمۡ قَالُواْ
لَيۡسَ عَلَيۡنَا فِي ٱلۡأُمِّيِّـۧنَ سَبِيلٞ وَيَقُولُونَ عَلَى ٱللَّهِ ٱلۡكَذِبَ وَهُمۡ يَعۡلَمُونَ
٧٥ ﴾ آل عمران: ٧٥

अर्थ : "अहले किताब" मध्ये कोही त यस्ता छन् कि यदि तिमीले उनलाई प्रशस्त धनराशी नासो स्वरूपमा राख्न दिन्छौ भने उनले तिमीलाई त्यो फिर्ता गरिदिन्छन् र केही यस्ता छन् कि उनीलाई एक दिनार पनि नासो राख्न दिन्छौ भने फिर्ता गर्दैनन् जबसम्म तिमीले उनको टाउको मै बसी फिर्ता गर्न आग्रह गर्दैनौ। यो यसकारणले कि तिनीहरूले भन्दछन् कि अनपढ़हरूको सम्बन्धमा हाम्रो कुनै सोधपूछ हुनेछैन । यिनीहरूले जान्दा जान्दै अल्लाहको (विरोधमा) झूठा कुरा गर्दछन्। ( सूरतु आले इम्रान ७५ )

﴿ وَإِنَّ مِنْهُمْ لَفَرِيقًا يَلْوُونَ أَلْسِنَتَهُم بِالْكِتَابِ لِتَحْسَبُوهُ مِنَ الْكِتَابِ وَمَا هُوَ مِنَ الْكِتَابِ وَيَقُولُونَ هُوَ مِنْ عِندِ اللَّهِ وَمَا هُوَ مِنْ عِندِ اللَّهِ وَيَقُولُونَ عَلَى اللَّهِ الْكَذِبَ وَهُمْ يَعْلَمُونَ ﴿٧٨﴾ ﴾ آل عمران: ٧٨

अर्थ : विश्वास गर यिनीहरू मध्ये एउटा समूह यस्तो पनि छ जसले कि किताब पढदा आफ्नो जिब्रो बटारेर पढ्छ, ताकि तिमीलाई आभास होस् कि यिनीहरूले उतारिएको किताब पढी रहेका छन्, तर वास्तवमा त्यो किताबबाट हुँदैन, र भन्ने गर्दछन कि त्यो अल्लाहबाट उतारिएको हो तर त्यो अल्लाहबाट उतारिएको हैन, र तिनीहरूले अल्लाहको विरोधमा जानाजानी असत्य बोल्दछन् । ( सूरतु आले इम्रान ७८ )

﴿ فَمَنِ افْتَرَىٰ عَلَى اللَّهِ الْكَذِبَ مِن بَعْدِ ذَٰلِكَ فَأُولَٰئِكَ هُمُ الظَّالِمُونَ ﴿٩٤﴾ ﴾ آل عمران: ٩٤

अर्थ : यस पश्चात पनि जुन मानिसहरू अल्लाहमाथि झूठा आरोप लगाउँछन् ती नै अन्यायी हुन् । ( सूरतु आले इम्रान ९४ )

﴿ انظُرْ كَيْفَ يَفْتَرُونَ عَلَى اللَّهِ الْكَذِبَ ۖ وَكَفَىٰ بِهِ إِثْمًا مُّبِينًا ﴿٥٠﴾ ﴾ النساء: ٥٠

अर्थ : हेर, यिनीहरू अल्लाह माथि कस्तो प्रकारले दोषारोपण गर्दछन् र यो कृया स्वयम् खुल्ला रूपमा पाप हुनु प्रयाप्त छ । ( सूरतुन्निसा ५० )

﴿ فِي قُلُوبِهِم مَّرَضٌ فَزَادَهُمُ اللَّهُ مَرَضًا ۖ وَلَهُمْ عَذَابٌ أَلِيمٌ بِمَا كَانُوا يَكْذِبُونَ ﴿١٠﴾ ﴾ البقرة: ١٠

अर्थ : तिनीहरूको हृदयमा रोग छ, अल्लाहले तिनको रोगमा झन् वृद्धि गरिदियो, र तिनकै झुठको कारणले तिनीहरूलाई कष्टदायक सजाय छ । ( सूरतुल् बकर: १० )

﴿ قُلۡ إِنَّ ٱلَّذِينَ يَفۡتَرُونَ عَلَى ٱللَّهِ ٱلۡكَذِبَ لَا يُفۡلِحُونَ ٦٩ مَتَٰعٞ فِي ٱلدُّنۡيَا ثُمَّ إِلَيۡنَا مَرۡجِعُهُمۡ ثُمَّ نُذِيقُهُمُ ٱلۡعَذَابَ ٱلشَّدِيدَ بِمَا كَانُواْ يَكۡفُرُونَ ٧٠ ﴾ يونس: ٦٩ - ٧٠

अर्थ : भनिदिनुस्: कि जुन मानिसहरूले अल्लाह माथि झूठा आरोप लगाउँछन्, तिनीहरू सफलता पाउने छैनन् । तिनीहरूलाई संसारमै केही फाइदाहरू छन् अन्ततः हामी तिरै फर्केर आउनु पर्नेछ, त्यति बेला हामीले तिनीहरूलाई कुफ्र गरेको बदलामा कडा सजायको स्वाद चखाउने छौं । ( सूरतु यूनुस ६९,७० )

﴿ وَيَجۡعَلُونَ لِلَّهِ مَا يَكۡرَهُونَ وَتَصِفُ أَلۡسِنَتُهُمُ ٱلۡكَذِبَ أَنَّ لَهُمُ ٱلۡحُسۡنَىٰۖ لَا جَرَمَ أَنَّ لَهُمُ ٱلنَّارَ وَأَنَّهُم مُّفۡرَطُونَ ٦٢ ﴾ النحل: ٦٢

अर्थ : र यिनीहरूले अल्लाहको निम्ति यस्ता कुरा साबित गर्छन्, जुन तिनीहरूलाई राम्रो लाग्दैन, र उनले जिब्रोले झूठो बोल्दै जान्छ कि उनलाई भलाई हुनेछ । सन्देह छैन कि तिनीहरूको निम्ति आगो (तैयार) छ र यिनीहरू नर्कमा सबभन्दा अगाडि पठाइनेछन् । (सूरतुन्नहल ६२ )

﴿ وَلَا تَقُولُواْ لِمَا تَصِفُ أَلۡسِنَتُكُمُ ٱلۡكَذِبَ هَٰذَا حَلَٰلٞ وَهَٰذَا حَرَامٞ لِّتَفۡتَرُواْ عَلَى ٱللَّهِ ٱلۡكَذِبَۚ إِنَّ ٱلَّذِينَ يَفۡتَرُونَ عَلَى ٱللَّهِ ٱلۡكَذِبَ لَا يُفۡلِحُونَ ١١٦ ﴾ النحل: ١١٦

अर्थ : आफ्नो मुखबाट कुनै झूठ कुरा नगर कि यो (हलाल) पवित्र छ र यो त्याज्य छ ताकि अल्लाहमाथि झूठा कुराको सम्बन्ध

जोड्नथाल, सम्झी राख जुन मानिसहरू अल्लाहमाथि झूठा कुराको सम्बन्ध गाँस्दछन्, उनीहरू सफल हुने छैनन् । ( सूरतुन्नहल ११६ )

﴿ وَٱلَّذِينَ كَذَّبُواْ بِـَٔايَٰتِنَا صُمّٞ وَبُكۡمٞ فِي ٱلظُّلُمَٰتِۗ ﴾ الأنعام: ٣٩

अर्थ : र जसले हाम्रा आयतहरूलाई झूठा भन्दछन् तिनीहरू अनेक प्रकारको अन्धकारमा बहिरा र लाटा भइरहेका छन् । ( सूरतुल् अन्आम ३९ )

﴿ فَأَعۡقَبَهُمۡ نِفَاقٗا فِي قُلُوبِهِمۡ إِلَىٰ يَوۡمِ يَلۡقَوۡنَهُۥ بِمَآ أَخۡلَفُواْ ٱللَّهَ مَا وَعَدُوهُ وَبِمَا كَانُواْ يَكۡذِبُونَ ٧٧ ﴾ التوبة: ٧٧

अर्थ : अनि त्यसको सजायमा अल्लाहले उनीहरूका हृदयमा त्यस दिन सम्मका लागि कप्टाचार हालिदियो, जबकि उनीहरू उसित भेट्नेछन् किनभने उनीहरूले अल्लाहसित जुन प्रतिज्ञा गरेका थिए, त्यसलाई भङ्ग गरिदिए र यसकारण पनि कि उनीहरू झूठ बोल्दै गरे । ( सूरतुतैबा ७७ )

﴿ وَٱلَّذِينَ يَرۡمُونَ ٱلۡمُحۡصَنَٰتِ ثُمَّ لَمۡ يَأۡتُواْ بِأَرۡبَعَةِ شُهَدَآءَ فَٱجۡلِدُوهُمۡ ثَمَٰنِينَ جَلۡدَةٗ وَلَا تَقۡبَلُواْ لَهُمۡ شَهَٰدَةً أَبَدٗاۚ وَأُوْلَٰٓئِكَ هُمُ ٱلۡفَٰسِقُونَ ٤ ﴾ النور: ٤

अर्थ : र जुन मानिसहरूले सच्चरित्र र पवित्र स्त्रीहरू माथि व्यभिचारको दोषारोपण गर्दछन् अनि चारजना साक्षीहरू जुटाउन सक्दैनन् भने उनीहरूलाई अस्सी कोर्रा हान, र उनीहरूलाई साक्षीको रूपमा कहिल्यै स्वीकार नगर, यी तिनै हुन् जो अवज्ञाकारी छन् । ( सूरतुन्नूर ४ )

﴿ وَيَوۡمَ ٱلۡقِيَٰمَةِ تَرَى ٱلَّذِينَ كَذَبُواْ عَلَى ٱللَّهِ وُجُوهُهُم مُّسۡوَدَّةٌۚ أَلَيۡسَ فِي جَهَنَّمَ مَثۡوٗى لِّلۡمُتَكَبِّرِينَ ٦٠ ﴾ الزمر: ٦٠

अर्थ : जसले अल्लाहको बारेमा झूठा कुरा गरेका छन् तपाईंले देख्नु हुनेछ कि प्रलयको दिन उनका अनुहारहरू काला भइसकेका हुनेछन् । के अहंकारीहरूको बासस्थान नर्कमा होइन ? ( सूरतुज्जुमर ६० )

﴿ بَلِ ٱلَّذِينَ كَفَرُواْ يُكَذِّبُونَ ﴿٢٢﴾ وَٱللَّهُ أَعۡلَمُ بِمَا يُوعُونَ ﴿٢٣﴾

فَبَشِّرۡهُم بِعَذَابٍ أَلِيمٍ ﴿٢٤﴾ ﴾ الانشقاق: ٢٢ - ٢٤

अर्थ : बरु काफिरहरूले झूठ्लाउँछन् । यिनीहरूले आफ्ना हृदयमा जुन कुरा लुकाउँछन्, त्यसलाई अल्लाह राम्ररी जान्दछ । तसर्थ उनीहरूलाई कष्टदायक यातनाको समाचार सुनाइदिनु । ( सूरतुल् इन्शिकाक २२-२४ )

﴿ لَّعۡنَتَ ٱللَّهِ عَلَى ٱلۡكَٰذِبِينَ ﴿٦١﴾ ﴾ آل عمران: ٦١

अर्थ : र झूठाहरूमाथि अल्लाहको धिक्कार होस् । ( सूरतु आले इम्रान ६१ )

र यसै जस्ता २८० ठाउँमा अल्लाहले पवित्र कुरआनका श्लोकहरुद्वारा सबैलाई झूठबाट सावधान गरेका छन् ।

र हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एउटा लामो हदीसमा झूठको सजायको बारेमा वर्णन गर्दै भन्नु भयो कि : मैले एउटा यस्तो मान्छेलाई हेरें जसको गाल मुख र आँखालाई च्यातेर त्यसको टाउकोको पछाडिको भाग सम्म लगिन्छ.... अनि यसै हदीसको अन्तमा उहाँले भन्नु भयो कि “यो त्यो मान्छेको दण्ड हो जुन बिहानै आफ्नो घरबाट निस्केर यस्तो झूठ बोल्छ जसको उपद्रवको प्रभाव क्षितिज सम्म पुगिहाल्छ ...” । ( बुखारी हदीस नं. ६६४० )

# समाप्ति

त प्रष्ट यो भयो कि तीन अवस्था बाहेक कुनै पनि अवस्थामा झूठ बोल्नु जायज छैन र यो एउटा ठूलो पाप र जघन्य अपराध हो जसको कारण कतिपय समुदायहरु अभिशप्त भए त कतिपय समूहहरुमाथि अल्लाहको प्रकोप अवतरित भयो ।

त हे भाइ ! झूठ एउटा रोग हो जुन हाम्रो समाजलाई लागिसकेको छ र यसको औसधि र उपचार कसै डाक्टर र चिकित्सकसित छैन मात्र इस्लाम धर्ममा नै यसको स्वस्थकर छ, यसर्थ समस्त भाइ र दिदीबहिनीहरुसित मेरो विनम्रताको साथ अनुरोध छ कि यस रोगको शीघ्र भन्दा शीघ्र उपचार गरुन् नत्र परिणाम अति दुखदायी हुनेछ, र अवस्था गम्भीर भन्दा गम्भीर र जटिल भन्दा जटिल भइहाल्ने छ ।

हे भाइ ! झूठको माध्यमले कमाइएको धन तिम्रो काम लाग्ने छैन बरु त्यो तिम्रोलागि भारी हुनेछ, र त्यो प्रलयको दिन नर्क सम्म पुऱ्याउने माध्यम र स्रोत भइहाल्नेछ । र जब ती सबै मान्छे जस जसका हक अधिकारलाई झूठ बोलेर हनन् गरी तिमीले आफूलाई समृद्ध बनाएका थियौ तिम्रो सामु आएर आफ्नो हकको माँग गर्ने छन् त अल्लाह तिम्रा समस्त सुकर्म तिनीहरुलाई प्रदान गरिदिनेछ र त्यस दिन वास्तवमा तिमी विपन्न भइहाल्ने छौ र नर्कको अधिकारी भइहाल्ने छौ । यसर्थ झूठको बानीलाई त्यागी सत्यवान बन्ने प्रयत्न गर यसैमा तिम्रो हाम्रो समस्त समाज र देश एवं संसारको शान्ति समृद्धि नीहित छ ।

अन्तमा अल्लाहसित प्रार्थना छ कि अल्लाह हामी सबैलाई झूठबाट बाँच्ने सुअवसर प्रदान गरी सन्देष्टाहरूको सत्य अनुयायी बनाओस् । र हामीलाई कुरआन र हदीसको प्रकाशमा जीवन व्यतीत गर्ने सुअवसर प्रदान गरोस्, र हामीलाई पूर्णरूपले धर्म इस्लाममा प्रवेश हुने सुअवसर प्रदान गरोस्, र त्यसको ज्ञान प्रदान गरी त्यसै बमोजिम कार्यरत रहने शक्ति र दक्षता प्रदान गरोस् । र यो विन्ती छ कि अल्लाह हाम्रा माल सम्पत्ति र संतानमा वृद्धि गरुन् । र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शीतल पारुन् । र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी

हाम्रा पापहरूलाई पुण्यमा परिणत गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

**समाप्त**

**लेखक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | प्रस्तावना | **3** |
| 2 | झूठको वास्तविकता र हानिकारकता | **5** |
| 3 | इस्लाम धर्ममा झूठको हुकुम | **7** |
| 4 | के कुनै अवस्थामा झूठ बोल्नु जायज छ | **12** |
| 5 | झूठको हानि र परिणाम | **13** |
| 6 | समाप्ति | **19** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

IslamHouse.com